# कर्मचारी आवश्यकता सम्वन्धी सूचना (बाह्य)

(प्रथम पटक प्रकाशन मिति: २०७८।०२।२५)

माथागढी गाउंपालिका पाल्पा र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा पछौटेपन उन्मूलन समाज (बेस) नेपालको सहजिकरणमा माथागढी गाउंपालिकामा सञ्चालन हुने प्रस्तावित "**माथागढी कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम**" संचालनार्थ तपशिलमा उल्लेखित पदहरुको लागि कर्मचारीहरुको आवश्यकता परेकोले १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेका योग्य नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**आवश्यकता सम्वन्धी विवरण :**

**१) पद : कार्यक्रम संयोजक** **संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

**क)** कृषि/भेटेरिनरी वा अन्य विषयमा स्नातक तह उतिर्ण भई कम्तिमा एक वर्ष सामुदायिक विकास तथा बाखा, दुध, र तरकारीको मूल्य श्रृंखलामा काम गरेको अनुभव भएको ।

**ख)** प्रस्तावना तथा प्रतिवेदन तयार, योजना तथा बजेट निर्माण सम्बन्धि अनुभव भएको ।

**ग)** परियोजना कार्यान्वयन, अनुगमन तथा मुल्याकंनको अनुभव, ज्ञान र सीप भएको ।

**घ)** साना किसान सवलिकरण तथा उद्यमशिल साझेदारी कार्यक्रम सम्बन्धि ज्ञान, सीप र अनुभव भएको ।

**ङ)** कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन र सहजिकरण, सम्वन्धी ज्ञान, सीप भएको ।

**च)** कृषि तथा पशु वस्तुमा आधारित व्यवसाय तथा उद्यमशिलता विकासमा महिला तथा यूवाहरुको सहभागिता र सामाजिक परिचालनमा विशेष दक्षता भएको ।

**छ)** व्यवसायिक योजना निर्माण सम्बन्धि सीप र अनुभव भएको ।

**ज)** स्थानीय सरकार र अन्य सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।

**झ)** कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।

**ञ)** मोटरसाईकल लाईसेन्स भएको र कम्तीमा ८० प्रतिशत समयावधि परियोजना क्षेत्रमा दिन सक्ने ।

२) पद : प्राविधिक संयोजक संख्या : १ (एक) जना

न्युनतम योग्यता र कार्यानुभव :

क) कृषि/भेटेरिनरी विषयमा जे.टि.(JT) उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तिमा एक वर्षको कार्यानुभव वा जे.टि. ए.(JTA) उत्तिर्ण गरी तीन वर्षको कार्यानुभव भएको ख) कृषि, पशुको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राविधिक तथा सिर्जनात्मक दक्षता भएको ।

ग) स्थानीय सरकार र अन्य सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।

घ) प्राविधिक तालिमको आयोजना, संञ्चालनतथा कार्यक्रमको अनुगमन र पृष्ठपोषण गर्न सक्ने ।

ङ) कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।

च) मोटरसाईकल लाईसेन्स भएको र कम्तीमा ९० प्रतिशत समयअवधि परियोजना क्षेत्रमा दिन सक्ने ।

**३) पद : युवा संयोजक** संख्या : **१ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

**क)** व्यवस्थापन संकाय/समाज शास्त्र विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरी कम्तिमा एक वर्ष सामुदायिक विकास तथा बाखा, दुध, र तरकारीको मूल्य श्रंखलाको क्षेत्रमा काम गरेको अनुभव भएको ।

**ख)** उद्यमशिल विकास सम्वन्धि तालिम प्राप्त गरी यस विषयमा सहजीकरण गरेको ।

**ग)** कृषि र पशुमा आधारित व्यवसायिक तालिम तथा व्यवसायिक योजना निर्माण सम्वन्धि अनुभव ज्ञान सीप भएको ।

**घ)** कृषि तथा पशु वस्तुमा आधारित व्यवसाय तथा उद्यमशीलतामा महिला तथा यूवाहरुको सहभागिता र सामाजिक परिचालनमा विशेष दक्षता भएको ।

**ङ)** स्थानीय सरकार र अन्य सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।

**च)** कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।

**छ)** बैंक तथा वित्तिय संघसंस्थासँग समन्वय गरी महिला तथा युवाहरुको उद्यमशिलता प्रर्वद्धनमा सहुलियतपूर्ण कर्जा लगानी गर्न सक्ने

**ज)** मोटरसाईकल लाईसेन्स भएको र परियोजना क्षेत्रमा (field based) बसी कार्य गर्न सक्ने ।

**४) पद : लेखापाल** **संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

**क)** वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा एक वर्षको कार्यानुभव भएको वा +२ उत्तिर्ण गरी तीन वर्ष कार्यानुभव भएको ।

**ख)** लेखाका आधारभुत सिद्धान्तको विषयमा ज्ञान, सीप भएको ।

**ग)** कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको र लेखा सफ्टवेर सम्वन्धी अनुभवी ।

**घ)** लेखा प्रतिवेदन तयारी, तथ्याङ्क विश्लेषण, बजेट निर्माण सम्वन्धी ज्ञान भएको ।

**ङ)** स्थानीय सरकारको लेखा प्रणाली सम्वन्धि अनुभव र ज्ञान सीप भएको ।

**च)** नियमित तथा आवश्यक्ता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण तथा पालिकासँग समन्वय र सम्पर्क राख्न सक्ने

**५) पद : सामुदायिक सहजकर्ता** **संख्या :** ४ जना

**न्युनतम योग्यता र कार्यानुभव :**

**क)** १०+२ वा सो सरह उत्तिर्ण गरी सामुदायिक विकास तथा बाखा, दुध, र तरकारीको मुल्य श्रंखलामा कम्तिमा १ वर्षको कार्यानुभव भएको वा SLC पास गरी कम्तिमा ३ बर्ष सामुदायिक विकासको क्षेत्रमा कार्यानुभव भएको ।

ख) स्वावलम्वन समूह गठन तथा परिचालन सम्वन्धि अनुभव भएको ।

ग) तालिम सहजीकरण र व्यवस्थापन सम्वन्धि अनुभव तथा ज्ञान सीप भएको ।

घ) महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्वन्धी दक्षता भएको ।

ङ) माथागढी गाउंपालिकाको क्षेत्रमा स्थाई बसोबास भई तोकिएको वडा कार्यालय तथा गाउंपालिकासँग समन्वय गरी कृषि तथा पशु उद्यमशिलता विकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरित गर्न सक्ने ।

**सेवा सुविधा :** संस्थाको नियमानुसार हुनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७८।०३।०८ कार्यालय समय भित्र ।

**परिक्षको किसिम :** लिखित र अन्तवार्ता (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत हुनसक्नेछ) ।

**आवश्यक कागजातहरु :**

**क)** आवेदन र व्यक्तिगत विवरण (बायोडाटा) ।

**ख)** शैक्षिक योग्यताका प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, कार्यानुभव प्रमाणपत्रका प्रतिलिपिहरु

**ग)** माथागढी गाउंपालिकाको स्थानीय नागरिक भएको सिफारिस वा प्रमाणपत्रको प्रतिलिपि (सामुदायिक सहजकर्ता पदको लागी मात्र)।

**घ)** पासपोर्ट साईजको फोटो र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी ।

***नोट : उल्लेखित कागजात बिदाका दिन बाहेक १०.०० देखि ५.०० बजे बेस नेपालको मुख्य परियोजना कार्यालय तानसेनमा बुझाउन सकिने छ । साथै आवेदन तोकिएको समयभित्र इमेल मार्फत पनि पठाउन सकिनेछ । प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । यो परियोजना प्रस्तावित भएकोले प्रारम्भ नहुने अवस्था आएका बखत विज्ञापनका सबै प्रक्रिया स्वत : खारेज हुनेछ ।***

BES NEPAL

# पछौटेपन उन्मूलन समाज (बेस) नेपाल

**मुख्य परियोजना कार्यालय, शिल्खानटोल, तानसेन,पाल्पा**

**ईमेल mail.besnepal@gmail.com फोन नं.:०७५-५२२७३८**